**बागमती प्रदेश सरकार**

**कृषि तथा पशुपंक्षी विकास मन्त्रालय**

# कृषि विकास निर्देशनालय

**हेटौंडा, मकवानपुर**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रकाशित मिति २०८१/१०/२८)**

यस निर्देशनालयमा चालु आ.व. २०८१/०८२ मा तपसीलका कार्यहरु ठेक्काबाट गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित मितिले निर्धारित समयभित्र तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रही इच्छुक इजाजत प्राप्त कम्पनी/व्यवसायीबाट शिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्र फारम निर्धारित समयभित्र कार्यालय समयभित्र दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रु. १०।- को टिकट टाँस गरिएको निवेदन तथा तल उल्लेख भए बमोजिमको रकम (पछि फिर्ता नहुने) बुझाई यस निर्देशनालयबाट खरीद गर्न सक्नेछ । निवेदनको साथमा चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, आयकर एवं मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी समेत पेश गर्नु पर्नेछ ।

२. सि.नं. १ र २ मा उल्लेखित सिलबन्दी दरभाउपत्र फारमको लागि रु. १०००।- (अक्षरेपी रु. एक हजार मात्र) नगदै (फिर्ता नहुने गरी) यो सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म बुझाई प्राप्त गर्न सकिने छ ।

३. दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस निर्देशनालयमा दाखिला गरिसक्नु पर्नेछ । प्राप्त शिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा दरभाउपत्रहरु खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा बिदापछि कार्यालय खुलेको पहिलो दिन माथि उल्लेखित समयमा फारमहरु बुझाउने र खोल्ने कार्य हुनेछ ।

४. दरभाउपत्र फारमसाथ तल उल्लेख भए बमोजिमको धरौटी रकम श्री प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, मकवानपुरको नाममा श्री राष्ट्रिय वाणिज्य बैङ्क लि., हेटौंडामा रहेको धरौटी खाता नं १३००१००२०२०३०००० (कार्यालय कोड नं. ३१२०१३२०१३) मा नगद जम्मा गरिएको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस निर्देशनालयको नाममा जारी गरिएको दरभाउपत्र बुझाउने अन्तिम दिनबाट ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड बण्ड) को सक्कल प्रति अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र फारममा आइटमवाइज दररेट अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. दरभाउपत्रदाताले दरभाउपत्र साथ दरभाउपत्रदाता खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वयं घोषणाको सक्कल प्रति समेत पेश गर्नु पर्नेछ ।

७. यस सूचनाको सि.नं १, ४ र ६ मा उल्लेख भए बमोजिमको कागजातहरु संलग्न नभएको, रित नपुगेको, म्याद नाघी प्राप्त भएको, कुनै शर्त राखेको, दस्तखत, छाप नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

८. दरभाउपत्र र अन्य कागजातहरुलाई शिलबन्दी खामभित्र राखी खाम बाहिर दरभाउपत्र दाताको नाम र ठेगानाका साथै ठेक्का नम्बर स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

९. दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहने छ ।

१०. यस सूचनामा उल्लेख गर्न छुट भएका अन्य शर्त/ब्यहोराहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम साथै सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ ।

तपसील :

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | फारम दस्तुर | दरभाउपत्र दस्तुर जम्मा गर्ने बैंक, खाता नं. | धरौटी/बैंक ग्यारेण्टी रकम | लगत इष्टिमेट अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|---|---|
| १ | ADD/WORKS/ SQ/01/081/82 | शिलवन्दी दरभाउपत्र | Storey Extention of Staff Quarter | १०००।०० | राष्ट्रिय बाणिज्य बैङ्क, हेटौडा, कृषि विकास निर्देशनालय, हेटौंडा १०००१००२००००१०००० राजश्व शिर्षक १४२९९ | ५००००।०० | १९,९९,३९६।०० |
| २ | ADD/WORKS/ SQ/01/081/82 | शिलवन्दी दरभाउपत्र | Maintenance and Improvement of Office Compound Wall | १०००।०० | ,, | ५००००।०० | १९,२८,२४३।७८ |